जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक १७२ | २०७८ साल माघ २४ गते सोमबार | (7 Feb. 2022 Monday) | मूल्य रु. ५/-

सार्वजनिक पद र जिम्मेवारीमा रहेका व्यक्तिहरुले शक्तिको दुरुपयोग गरी गर्ने गैरकानूनी आर्जन भ्रष्टाचार हो ।

भ्रष्टाचार विरुद्ध सचेत होऔं । भ्रष्ट्राचार भएको शंका लागेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : के होला एमसीसी : अमेरिकाको.. ३ पृष्ठमा : मधेश प्रदेशसभामा चार... ३ पृष्ठमा : प्रसिद्ध भारतीय गायिका ...

# देवरले पेट्रोल छर्केर आगो लगाइदिएका भाउजुको उपचारका क्रममा मृत्यु, अढाई वर्षिया छोरी घाइते फरार देवरको खोजी कार्य जारि : प्रहरी

**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

सप्तरीको बोदेबरसाइन नगरपालिका १ धनगढीमा देवरले भाउजुमाथी पेट्रोल छर्केर आगो लगाउँदा जलेर गम्भिर भएकी उनको उपचारको क्रममा मृत्यु भएको छ । सोही आगोले जलेर अढाई वर्षिया छोरी समेत घाइते भएकी छिन् ।

तीन दिनअघि देवर परमेश्वर साहले २७ वर्षिया भाउजु राजकुमारीलाई पेट्रोल छर्केर आगो लगाइदिएपछि शनिबार राती उपचारको क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

मृतकका पति रबिनले पत्नी राजकुमारीले काँखे छोरीलाई लिएर खाना पकाउँदै गरेको बेला भाईले आगो लगाइदिएपछि छोरीलाई उनले काँखबाट हुत्याइदिएकी थिइन् । आगोले छोरीको ढाड र खुट्टासमेत जलेको तथा घाइते भएकी छोरीको स्थानिय प्राथमिक स्वास्थ्य केन्द्रमै उपचार गरिएको उनले जानकारी दिए ।


*तस्बिर : राजविराज दैनिक*

पति रबिनका अनुसार तिन दिनअघि आफू घर बाहिर गएको बेला भाउजुले आफू बिरुद्ध कुरा लगाएर दाईलाई उक्साएको भन्दै पत्नी राजकुमारीलाई माघ २१ गते बिहान घरमा खाना पकाउँदै गरेको बेला भाई परमेश्वरले पेट्रोल छर्केर आगो लगाइदिएको बताएका छन् ।

जिउको अधिकांश भाग जलेर गम्भिर अवस्थामा पुगेकी राजकुमारीलाई सुरुमा कल्याणपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्र र विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका लागि लगिएको थियो । पछि त्यहा उपचार सम्भव नभएपछि बिराटनगरस्थित म्याक्स अस्पतालमा लगिएपनि उनको मृत्यु मृत्यु भएको मृतक राजकुमारीकी पति रबिनले जानकारी दिएका छन् ।

यता बिराटनगर अस्पतालमा उपचारकै क्रममा प्रहरीले बयान लिँदा राजकुमारीले देवर परमेश्वरले नै आगो लगाएको बयान दिएको पति रबिनको भनाई छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले सो घटना बारे जाहेरी आएको बताउँदै परमेश्वर हाल फरार भएका कारण उनको खोजि कार्य तिब्र पारिएको जानकारी दिएका छन् ।

## मधेस प्रदेश सरकारमा एक राज्यमन्त्री थप

जनकपुर, २३ माघ (रासस) ।

मधेस प्रदेश सरकारमा नेकपा (एकीकृत समाजवादी) बाट एक राज्यमन्त्री थप गरिएको छ । प्रदेश सरकारको उद्योग, वन, पर्यटन तथा वातावरण राज्यमन्त्रीमा एकीकृत समाजवादीका नागेन्द्र राय यादवलाई नियुक्त गरिएको छ ।

नवनियुक्त राज्यमन्त्री यादवलाई आइतबार प्रदेश प्रमुख हरिशङ्कर मिश्रको उपस्थितिमा मुख्यमन्त्री लालबाबु राउतले पद

*बाँकी अन्तिम पृष्ठमा*

# दरभंगाकी मेयरलाई राजविराज नगरपालिकाद्वारा अभिनन्दन



**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

राजविराज नगरपालिकाले छिमेकी मुलुक भारत बिहार राज्य अन्तरगत दरभंगाकी मेयर मुन्नी देवीलाई आइतबार अभिनन्दन गरेको छ ।

राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवलले नगरपालिकामा आयोजित एक कार्यक्रमबीच उनलाई अभिनन्दन गरेका हुन् ।

अभिनन्दन समारोहमा बोल्दै दरभंगाकी मेयर मुन्नी देवीले नेपाल भारतबीच रहेको घनिष्ट सम्बन्धलाई अझै प्रगाढ बनाउनका लागि आफूले सक्दो प्रयास गर्ने बताइन् ।

रोटी बेटीको सम्बन्धलाई अझै घनिष्ट बनाउनका लागि आफ्नो क्षेत्रबाट सदा प्रयत्नशिल रहने बताउँदै उनले सप्तरी र भारतको सीमावर्ती कुनौली बजार क्षेत्र जोड्ने जीर्ण पुलको मरमत सम्भार गरी नयाँ संरचनाको नेपाल भारतमैत्री पुल निर्माणका लागि आफूले पहल गर्ने समेत बताइन् ।

अभिनन्दन समारोहमा राजविराज नगरपालिकाका मेयर शम्भुप्रसाद यादवले दुई छिमेकी मुलुकबीचको सम्बन्धलाई विगार्न विभिन्न चलखेल हुने गरेको बताउँदै यसबाट दुई देशका नागरिक सचेत हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाल भारत मैत्री संघ सप्तरीका अध्यक्ष मनोज मुन्धडाले पाहुना भारतीय मेयरलाई मायाको चिनो प्रदान गरे । कार्यक्रममा पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, समाजसेवी उमेश साह लगायतले पनि शुभकामना दिएका थिए । यसअघि मेयर मुन्नी देवीले सप्तरीको प्रसिद्ध छिन्नमस्ता भगवती मन्दिरमा पुगेर पुजापाठ गरेकी थिइन् ।




# मधेस प्रदेश सरकारद्वारा किसानलाई राहत दिने तयारी

जनकपुर, २३ माघ (रासस) ।

मधेस प्रदेश सरकारले बेमौसमी वर्षाबाट पीडित किसानलाई बल्ल राहत दिने तयारी गरेको छ । गत कात्तिकको अन्त्यतिर भएको वर्षाका कारण प्रदेशका विभिन्न जिल्लाका धानबालीमा ठूलो क्षति पुऱ्याएको थियो ।

"बेमौसमी वर्षाका कारण पीडित किसानलाई राहत वितरणको तयारी सुरुआत गरेका छौँ", भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सूचना अधिकारी मनिषकुमार पालले भन्नुभयो, "यसका लागि निर्देशिका तयारी भइसकेको छ, तथ्याङ्क सङ्कलनको काम जारी छ ।" सबै जिल्लाका स्थानीय तहका जनप्रतिनिधिलाई पीडित किसानको नाम, क्षतिको विवरण र बैंक खाता पठाइदिन पत्राचार गरिसकेका उहाँको भनाइ छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# काखा पाखा गर्ने प्रबृति जनप्रतिनिधिले त्याग्नु पर्छ

नयाँ सडक निर्माण गर्दा चलन चल्तीको बाटोलाई आधार मानेर बिस्तार गर्नु पर्ने अवधारणालाई अहिले जनप्रतिनिधिहरुले लत्याउँदै आफुखुशी गर्ने प्रबृति बढ्दै गएको छ । राजविराज वडा नं. ८ मा यस्तै कार्य भइरहेको छ । वडा अध्यक्षले आफ्नो मनपर्दी तरिकाले सडक बिस्तारलाई निरन्तरता दिइरहेका छन् । हिमालय टोलस्थित पुरानो सडक जुन आजसम्म कालोपत्रे हुन सकेको थिएन् त्यो अब कालोपत्रे हुने तरखरमा रहेको छ । तर, वडा अध्यक्षले पुरानो सडकलाई आधार मानेर कुनै काम गरेको देखिन्न् । सडकको बीच भागलाई आधार मानेर दुबैपट्टी घरधनीले जग्गा दिएर सडक बिस्तार गर्नु पर्ने हो । यस्तो मापदण्डलाई लत्याएर वडा अध्यक्षले एकतिर बढी जग्गा लिन लाउने र अर्कोतर्फको जग्गालाई एक इन्च पनि सडकमा दिन नलगाउने कार्य गरिरहेको देखिन्छ ।

सो सडकखण्डमा एकतर्फी नाला निर्माण र पिचको काम तदारुकताका साथ भइरहेको छ । यस्तो अवस्थामा एकतर्फी जग्गाधनीको जग्गा बढी गएको देखिन्छ । कसैको घर नभत्काउने र कसैको घर समेत तोड्न लगाउने वडाअध्यक्षको हर्कतले स्थानियहरु आक्रोसित बनेका छन् । कसैको गुनासो समेत नसुन्ने र ठेकेदार कम्पनीलाई अधुरै नाला निर्माण गर्न लगाई कालोपत्रे गर्न सिफारिस गरेको देखिएको छ ।

वडा अध्यक्षको यस्तो व्यबहारले स्थानियहरु आक्रोसित बन्नु स्वभाविक हो । तसर्थ सडक निर्माणका क्रममा कसैलाई काखा त कसैलाई पाखा लगाउने प्रबृती त्यागेर सबैलाई सम्मानजनक तरिकाले हेर्नु नै बृद्धिमानी हुनेछ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# के होला एमसीसी : अमेरिकाको नेपाली डायस्पोरामा चासो र चिन्ता

**डा प्रदीप भट्टराई**

अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता निर्णायक मोडमा पुग्न लागेको बेला यसको भविष्यलाई लिएर अमेरिकाको नेपाली डायस्पोरामा चासो र चिन्ता बढेको छ । यसको मूल कारण, यता अमेरिकाले सम्झौता पारित गर्न समयसीमाको दबाब बढाइरहेको बेला उता नेपालमा सम्झौतालाई निर्णायक मोडमा पुर्याउन प्रधानमन्त्री शेरबहादुर देउवाले गरेको गम्भीर प्रयास अझै संशयमै रहनु हो ।

एमसीसी के गर्ने ? अझै पनि नेपाल ठोस निर्णयमा पुगेको छैन । पाँचदलीय सत्ता गठबन्धनका घटकहरूबीच नै यसमा मतभेद छ । नेपाली कांग्रेस एमसीसीको पक्षमा छ । जनता समाजवादी पार्टीमा मतैक्य छैन । नेकपा माओवादी, एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा सम्झौतालाई हुबहु पारित गर्ने पक्षमा छैनन् ।

पारित गर्ने हुन् वा नगर्ने, दुबै पक्ष यो चुनावी मुद्दा हुने र यसको विपक्षमा रहनेलाई चुनावी फाइदा हुने हिसावकिताव निकालिरहेका छन् । खास गरी सत्तामा रहेका कम्युनिष्ट घटकहरू एमालेलाई बाहिर राख्दा उसलाई यो चुनावी मुद्दा प्राप्त हुने भनेर खुट्टा कमाइरहेका छन् । कांग्रेस पनि यस कुरालाई दरकिनार गर्न सक्ने अवस्थामा छैन ।

नेपाली काँग्रेस सुरूदेखि नै सम्झौता अक्षरस पालना गर्ने पक्षमा रहदै आएको छ । उसले सम्झौतामा फेरबदल गर्नुपर्ने केही नदेखे पनि ऊसँग संघीय संसदमा अनुमोदन गर्ने अंकगणित छैन । यसका लागि उसले यो वा त्यो नामका कम्युनिष्ट पार्टीको समर्थ जुटाउनैपर्ने हुन्छ ।

तर, नेपालका कम्युनिष्ट पार्टीहरू सुरूदेखि नै अमेरिकालाई साम्राज्यवादी भन्ने स्कूलिङबाट आएका हुन् । उनीहरूको राजनीतिक सफलता नै भारतीय बिस्तारवाद र अमेरिकी साम्राज्यवादको विरोध गर्ने र यसैको तावामा तताइने राष्ट्रियताको बारूद पड्काएर हासिल भएको हो । यस अतिरिक्त आफ्नो कम्युनिष्ट नामको लाज राख्न उनीहरूमा चीनप्रतिको भक्तिभाव पनि चाहिन्छ । त्यसका लागि भारत र अमेरिकाको विरोध गर्नुपर्ने वा विरोध नै नगरे पनि शंका प्रकट गरिरहनुपर्ने उनीहरूको बाध्यता हुन्छ ।

कम्युनिष्टका नाममा पार्टी स्थापना गरेका नेपालका कम्युनिष्टहरू एकापसमा निम्नस्तरको गाली गलौजमा उत्रे पनि भारत र अमेरिकालाई भिडाउने विशेषणका हकमा भने एकै ठाउँमा हुन्छन् । पछिल्लो समय भने हरेक कम्युनिष्ट पार्टीमा भारतीय फ्याक्टर पनि उपस्थित देखिन्छ । कुनै समय माओवादीमा डा बाबुराम भट्टराई र एमालेमा केपी ओली भारतीय फ्याक्टर मानिन्थे । अहिले पनि भारतलाई हेर्ने उनीहरूका आँखामा लगभग उही पावरको लेन्स भेटिन्छ ।

प्रस्तुत पृष्ठभूमिमा एमसीसी अमेरिकी परियोजना भएकाले हरेक कम्युनिष्ट पार्टीको नेतृत्वमा यसलाई शंकाको दृष्टिकोणले हेर्ने नेतृत्व विद्यमान छ । अमेरिकासँगको सम्बन्धलाई सुमधुर बनाउन पार्टी शीर्ष नेतृत्व शंकाको सुविधा दिएर पारित गराउने पक्षमा रहे पनि हरेक पार्टीमा यसलाई पास गर्न दिनु हुन्न भन्ने पक्ष पनि त्यतिकै शक्तिशाली छ ।

एमाले ओमाले भैसकेकाले त्यहाँ अब यो कोणबाट एमसीसीलाई हेर्ने पक्ष लगभग छैन । सुरूदेखि विरोधमा पैरवी गर्दै आएका भीम रावलको पारो नखसे पनि उनी अब एक्लो वृहस्पतिजस्तै भैसके । एमालेबाट विभाजित भएको एकीकृत समाजवादीका अधिकांश नेता सुरूदेखि नै यसको विरोधमा भएकाले उनीहरूलाई रातारात यसको पक्षमा लाग्न सजिलो छैन । तर, सत्ता गठबन्धन जोगाउन उनीहरूमा यसको समर्थन गर्नुको विकल्प पनि अब बचेजस्तो देखिदैन ।

माओवादीमा अध्यक्ष प्रचण्डको हालत पनि उस्तै छ । उनी सत्ता गठबन्धन जोगाउन र अमेरिकासँगको सम्बन्धलाई सहजीकरण गर्न पनि एमसीसी पारित गर्नुपर्ने पक्षमा छन् । तर, नारायणकाजी श्रेष्ठलगायतका नेताहरू यसको पक्षमा नभएकाले उनी सार्वजनिक रूपमा त्यसो भन्न सकिरहेका छैनन् । अहिले उनी सबै पक्षलाई मिलाएर अघि बढाउन लागिपरेको जस्तो देखिन्छन् ।

यसरी सत्ता गठबन्धनमा बिस्तारै बिस्तारै एमसीसीको पक्षमा खिचडी पाकेजस्तो देखिदैछ । प्रचण्ड, माधव नेपाल र देउवाले एमसीसी पास गराउन अमेरिकी अधिकारीहरूसँग वाचा कसम गरिसकेकाले यो अनुमान बढेको हो ।

यता अमेरिकामा एमसीसी हेर्ने उच्च अधिकारीहरू पनि अफ द रेकर्डमा त्यसैको संकेत गरिरहेका छन् । नाम नबताउने शर्तमा एमसीसीकी एक उच्च अधिकारी भन्छिन्, 'हामीले उहाँहरूको पार्टीको अप्ठ्यारो बुझेका छौं । त्यही भएर उहाँहरूले मागेको समय दिएका हौं । अब त्यो समयसीमा पनि सकिन लागेको छ ।'

यसैबीच बुधबार मात्रै एमसीसीले आफ्नो तर्फबाट कुनै पनि किसिमको गोप्य सम्झौता नभएको भनेर प्रष्टिकरण दिएको छ । एमसीसीका उच्च अधिकारी भन्छिन्, 'हामीले हाम्रो तर्फबाट जारी गरेको यो अन्तिम स्पष्टीकरण हो । उहाँहरूलाई सजिलो बनाउनकै लागि आएको हो । र, यसले सजिलो पनि बनाउनेछ ।'

उता, नेपालमा प्रधानमन्त्री देउवाले एमसीसी अब संसदमा पेश गरेर वार कि पार गर्ने बताइसकेका छन् । उनी भरसक अहिलेकै सत्तारूढ गठबन्धनबाट पारित गराउने पक्षमा छन् । यदि यो गठबन्धनबाट सम्भव नभए उनी ओलीको समर्थनबाट भए पनि पारित गराएरै छोड्ने पक्षमा उभिएका छन् ।

एमसीसीलाई लिएर ओलीको दाउ प्रष्टै छ । सुरूदेखि नै सम्झौताको पक्षमा रहदै आएका ओली यसलाई च्याखे थापेर वर्तमान सत्ता गठबन्धन टुटाउन चाहन्छन् । सत्तारूढ गठबन्धनबाटै पारित हुने अवस्था आएमा उनले संसदमा सहभागी नहुने अहिलेकै जस्तो नाटक गरेर फाइदाको चुनावी कार्ड खेल्न सक्छन् । तर, जे गरे पनि यो मुद्दामा ओली पहिल्यै 'एक्सपोज्ड' भैसकेकाले उनलाई खासै फाइदा हुने देखिदैन ।

**एमसीसीका पक्षमा नेपाली डायस्पोरा**

अमेरिकाको नेपाली डायस्पोरा नेपालमा वार कि पारको स्थितिमा पुगेको एमसीसी पारित होस् भन्ने चाहन्छ । अपवादलाई छोडेर यहाँका सबै नेपाली बुँदाहरूमा केही तलमाथि गरेर भए पनि सम्झौता भैदियोस् भन्ने पक्षमा छन् । यो मतमा उनीहरुका मूलतः दुईवटा स्वार्थ छन्, पहिलो अमेरिका र नेपालको सम्बन्ध सुमधुर होस्, यसमा कुनै पनि किसिमको उतारचढाव नआओस् । दोस्रो, उनीहरू अमेरिकी करदाताका हैसियतमा तिरेको पैसा एमसीसीमार्फत् नेपालको लागि उपयोग होस् भन्ने चाहन्छन् । जे नाममा भए पनि नेपालमा यो पैसा लगानी हुँदा जन्मभूमिका लागि अप्रत्यक्ष रूपमा आफ्नो पनि योगदान हुने उनीहरूको सोझो बुझाइ छ । यसरी बुझिनु अस्वाभाविक पनि हैन ।

अमेरिकाको नेपाली डायस्पोरामा यो एक किसिमको आमसहमति नै भए पनि यो स्वर खासै भोकल छैन । यसो हुनुको मूल कारण एमसीसीका बारेमा अमेरिकाको नेपाली डायस्पोरामा घनिभूत रूपमा बहस नै नभएको अवस्था हो । अमेरिकामा बहसका नाममा केही जुम बैठक त भए तर हरेक बहसमा सहभागी हुने उही अनुहारका विज्ञता बिनाको लफ्फाजीले कुनै अर्थ र उपादेयता निकाल्ने सम्भावना थिएन, निकालेन । दुःखका साथ भन्नुपर्छ, अमेरिकाको नेपाली डायस्पोरामा जे बहस भए पनि सहभागी हुने एउटा स्थायी जुम प्यानल छ, जो नूनदेखि सुनसम्मको विषयमा नभएको विज्ञताको स्वाङ दिदै लफ्फाजी गरिरहेको हुन्छ । एमसीजीका लागि गरिएको जुम बहस पनि यो भन्दा फरक थिएन ।

अमेरिकाको नेपाली डायस्पोराले के बुझ्न ज्यादै ढिलो या अटेरी गरिरहेको छ भने अमेरिका 'ज्याक अफ अल, मास्टर अफ नन'को देश हैन, यो त 'मास्टर अफ सम'को देश हो । यहाँ कुनै पनि विषयमा आधिकारिक जानकारी नभएको मान्छेको बोलीले औपचारिकता पाउँदैन । तर, यहाँको नेपाली समुदाय अझै पनि क्वायकहरूकै प्रेस्क्रिप्सनमा भर परिरहेको छ ।

ऽबस्हुन त अमेरिकी सरकारले यहाँको नेपाली डायस्पोराबाट नेपालमा एमसीसीका लागि लविइङ् हुने अपेक्षा गरेको थियो । तर, त्यसो भएन । पछि मात्र उसलाई थाहा भयो कि यहाँका नेपाली डायस्पोराको त्यस किसिमको ल्याकत नै छैन । एमसीसीकी उच्च अधिकारी भन्छिन् 'यही कुरा भारतका लागि भएको भए यहाँको भारतीय समुदायले नयाँ दिल्लीमा लविईङ गर्थ्यो । तर, नेपालको हकमा हामीले त्यस्तो सहयोगी थिंक ट्याङ्क नेपाली समुदायबाट पाएनौं । हाम्रो लागि पनि यो एउटा लिटमस पेपर नै बन्यो ।'

नेपाली समुदायका एक अगुवा भने एमसीसी अधिकारीको यो भनाइसँग सहमत छैनन् । उनको भनाइ फरक छ, 'हामीले यथाशक्य गरेका छौं । देखाएर गरिने लविइड दबाब हो, हामी त्यस्तो पक्षमा छैनौं । हामीले कूटनीतिक काइदामा आफ्नो ठाउँबाट गरेका छौं । त्यसको परिणाम आउन बाँकी छ । अहिले नै निस्कर्षमा पुग्नेबेला भएको छैन ।'

एमसीसी उच्च अधिकारीले संकेत गर्न खोजेको एनआरएनए अमेरिकातिर हो कि भन्दा उनी भन्छन्, 'त्यस्तो पनि हैन होला । मलाई त के लाग्छ भने अमेरिकी सरकारले एनआरएन अमेरिका नै चिन्दैन । त्यसैले उसले एमसीसीका बारेमा त्यो हैसियतको अपेक्षा पनि गरेन होला ।' यही सन्दर्भलाई जोडेर एनआरएनका बारेमा उनी अगाडि भन्छन्, 'अमेरिकाको एनआरएन त सधैंभरि चुनाव र त्यसको झगडामै अल्झिरहेको हुन्थ्यो, अब त यसको छाता संस्थामा पनि त्यो रोग सरेको छ । यस्तो रोगी नेतृत्व भएको संस्थाबाट धेरै अपेक्षा गर्नु नै बेकार छ ।'

जे होस्, ढिलै भए पनि एमसीसी वार कि पारको स्थितिमा पुगेको छ । यता, अमेरिकी पक्ष सम्झौता पारित हुनेमा लगभग ढुक्कजस्तै देखिएको छ । उसले वर्तमान सत्तारूढ गठबन्धनबाटै संख्या पुग्ने किसिमबाट आश्वासन पाएको संकेत गरेको छ । उता, नेपालमा पनि यसलाई लिएर गलफत्ति गर्नेहरू गल्दै गएको र राजनीतिक अङकगणित पनि सकारात्मक दिशातिरै ढल्किरहेको देखिन्छ । प्रधानमन्त्री देउवाले अघि बढाएको पहलले पनि त्यही कुराको मनग्गे छनक दिएको छ । भट्टराई हाल अमेरिकामा पत्रकारिता विषयको प्राध्यापन गर्छन् । रातोपाटीबाट

# मधेश प्रदेशसभामा चार वर्षमा ४४ विधेयक पारित

**राजु विश्वकर्मा**
जनकपुर, २३ माघ (रासस)।

प्रदेशसभा स्थापना भएको चार वर्षमा मधेश प्रदेशसभाले ४४ वटा विधेयक पारित गरेको छ। प्रदेशसभा सचिवालयका अनुसार पारित भएका सबै विधेयक प्रदेश प्रमुखबाट प्रमाणीकरण भइरहेको छ।

प्रदेशसभा स्थापनाको चार वर्ष बित्नै लाग्दा गत माघ ३ गते मात्र प्रदेशको नाम 'मधेश' र राजधानी 'जनकपुरधाम' टुङ्ग्याउन सफल मधेश प्रदेशसभाले पारित भएका सबै विधेयक कार्यान्वयन गरिसकेको छ। सङ्घीयता संस्थागत गर्नेदेखि प्रदेश सरकार सञ्चालन र सामाजिक रुपान्तरण सम्बन्धी प्रदेश सरकारबाट आएका महत्वपूर्ण विधेयकहरु पारित गर्ने यस प्रदेशले बनाएका कतिपय महत्वपूर्ण ऐन कार्यान्वयनमा चुनौती देखिएको प्रदेशसभा सदस्यहरु बताउनुहुन्छ।

स्वास्थ्य सेवा, प्रदेश पदक, आर्थिक, प्रदेश प्रहरी सेवा, दलित सशक्तिकरण, प्रदेश निजामती सेवा, प्रदेश आर्थिक, प्रदेश विनियोजन, जनलोकपाललगायतका महत्वपूर्ण ४४ वटा विधेयकहरु प्रदेशसभाबाट पारित भई प्रदेश प्रमुखबाट प्रमाणीकरण भइसकेको प्रदेशसभा सचिवालयका सचिव रञ्जित कुमार यादवले जानकारी दिनुभयो। उहाँका अनुसार प्रदेश आवश्यक सेवा सञ्चालन, प्रदेश बालिका संरक्षण र खोप सेवा सञ्चालन गर्ने विधेयक प्रदेशसभामा छलफल हुन बाँकी छ। प्रदेशसभा अन्तर्गतको विभिन्न समितिमा नौ वटा विधेयक विचाराधिन अवस्थामा रहेको प्रदेशसभा सचिवालयका सचिव यादवले बताउनुभयो।

प्रदेश सरकारको विभिन्न मन्त्रालयहरुले तयार गरी विषयगत समितिमा पठाएको प्रदेश जाँचबुझ आयोग गठन, मदर्सा शिक्षा बोर्ड गठन, प्रदेशसभा सञ्चालन सम्बन्धी र प्रादेशिक सवारी तथा यातायात, प्रदेश प्रशासन, संस्था दर्ता सम्बन्धी, प्रदेश प्राविधिक शिक्षा परिषद् स्थापना सम्बन्धी, प्रदेश सहकारी, कर तथा गैरकर राजस्व लगाउने सम्बन्धी विधेयक विचाराधिन अवस्थामा रहेको सचिव यादवको भनाइ छ।

प्रदेशसभा अन्तर्गतको केही विषयगत समितिमा सभापति चयन हुन नसक्दा प्रदेश सरकारबाट आएका ती महत्वपूर्ण विधेयकहरु लामो समयदेखि विचाराधिन अवस्थामा रहेको प्रदेशसभा सदस्य दिलिप साहले बताउनुभयो। "प्रदेशसभा अन्तर्गत सात वटा विषयगत समितिहरु छन्", उहाँले भन्नुभयो," ती मध्ये सार्वजनिक लेखा समिति, प्राकृतिक स्रोत तथा वातारण समिति र कृषि तथा भूमि व्यवस्था समितिमा सभापति छैनन्।"

एकातिर प्रदेशसभा अन्तर्गतका ती समितिहरुमा सभापति चयन हुन सकेको छैन् भने अर्कोतिर अन्य विषयगत समितिहरुमा निरन्तर छलफल र बैठक हुनुपर्ने थियो त्यो हुन सकिरहेको छैन् भन्दै प्रदेशसभा सदस्य साहले भन्नुभयो," तैपनि प्रदेशसभाले चार वर्षमा विधेयकहरु पारित गरेर कार्यान्वयनमा लगिएको छ, यो एकदमै महत्वपूर्ण उपलब्धी हो।"

प्रदेशसभाअन्तर्गतको रिक्त तीन वटै समितिको सभापति चयन प्रक्रिया प्रदेशसभा सचिवालयले शुरु गरेको छ। प्रदेशसभा सचिवालयले सूचना जारी गरी तीन वटै समितिको सभापति पदका लागि उम्मेदवारी दर्ता गराउन माघ २४ गते बिहान ११ बजेदेखि बेलुका ५ बजेसम्मको समय निर्धारण गरेको छ। समितिहरुमा सभापति चयन भएपछि विचाराधिन विधेयकहरु अघि बढ्ने प्रदेशसभा सदस्यहरुको विश्वास छ।

मधेशी जनताको भावना अनुसार प्रदेशसभाले प्रदेशको नाम "मधेश प्रदेश" कायम गर्न सफल भएकोमा प्रदेशसभा सदस्य रामअशिष यादवले खुशी व्यक्त गर्नुभयो। "हामीले मधेशी जनताको चाहना र सङ्घीयताको भावना अनुसार मधेश प्रदेश राख्न सफल भएका छौं", प्रदेशसभा सदस्य यादवले भन्नुभयो, "यो ठूलो र महत्वपुर्ण उपलब्धि हो, यसबाट हामी सबै उत्साहित भएका छौं।"

# नियमन आयोगका अध्यक्षलाई सात दिनभित्र स्पष्टीकरण पेश गर्न निर्देशन

काठमाडौं, २३ माघ (रासस)।

विद्युत् नियमन आयोगका निलम्बित अध्यक्ष दिल्लीबहादुर सिंहलाई सात दिनभित्र स्पष्टिकरण पेश गर्ने समय सीमा दिइएको छ। विद्युत् नियमन आयोगका पदाधिकारीको कार्यकक्षमता सम्बन्धमा गठित छानबिन समितिले अध्यक्ष सिंहलाई सो समयभित्र स्पष्टीकरण पेश गर्न निर्देशन दिएको छ।

तोकिएको समयभित्र स्पष्टीकरण नदिएको खण्डमा कानुन बमोजिम कारबाही हुने शनिबार प्रकाशित सूचनामा उल्लेख छ। आयोगका पदाधिकारीको कार्यकक्षताको अभाव देखिएको भन्दै सरकारले छानबिन समिति गठन गरेको छ। समितिले भौतिक रुपमा पटकपटक प्रत्यक्ष रुपमा भेट गरी स्पष्टीकरण पेश गर्न आग्रह गरे पनि सिंहले अटेर गरेका कारण सार्वजनिक सूचना प्रकाशित गरिएको हो।

कार्यदक्षताको अभावका कारण पदीय कर्तव्य पालना गर्न सके नसकेका विषयमा छानबिन समितिले मुलुकी देवानी संहिता कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १०५ को उपदफा २१ बमोजिम विद्युतीय माध्यम इमेलमार्फत स्पष्टीकरण दिन भनिएको छ। समितिले शुक्रबार इमेलमार्फत स्पष्टीकरणको सूचना इमेल गरेको र सार्वजनिक रुपमा शनिबार सूचना प्रकाशित गरी जानकारी गराएको हो। समितिले सिंहलाई म्यादभित्रै स्पष्टीकरण पेश गर्न र अन्यथा कानुन बमोजिम कारबाही हुने बताएको छ।

मन्त्रिपरिषद्ले पुनरावेदन अदालतका पूर्वमुख्य न्यायाधीश प्रकाशचन्द्र गजुरेलको अध्यक्षतामा तीन सदस्यीय छानबिन समिति गठन गरेको छ। आयोगका अध्यक्ष सिंह, सदस्यद्वय रामेश्वर कलवार र भागीरथी ज्ञवालीको कार्यक्षमतामा प्रश्न उठेपछि ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालले छानबिन समिति गठन गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा लैजानुभएको थियो। छानबिन समिति गठन भएपछि उहाँहरु स्वतः निलम्बनमा पर्नुभएको छ।

छानबिन समिति गठन हुनु अगावै आयोगका अर्का सदस्य डा रामप्रसाद धितालले भने राजीनामा दिनुभएको थियो। आयोगको ऐनमा अध्यक्ष वा कुनै सदस्यको कार्य क्षमताको अभाव वा खराब आचरण भएको पाइएको खण्डमा सरकारले छानबिन समिति गठन गर्न सक्ने प्रावधान छ। सोही प्रावधानका आधारमा छानबिन समिति गठन गरिएको हो।



अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## विश्व समाचार

### प्रसिद्ध भारतीय गायिका लता मङ्गेशकरको निधन

मुम्बई, २३ माघ (रासस/एएफपी)।

प्रसिद्ध भारतीय गायिका लता मङ्गेशकरको ९२ वर्षको उमेरमा निधन भएको छ। यसै वर्षको जनवरीमा कोभिड-१९ बाट सङ्क्रमित भएपछि उहाँलाई अस्पताल भर्ना गरिएको थियो। स्वास्थ्य अवस्थामा सुधार नआएपछि उहाँ हप्तौंदेखि सघन उपचार कक्षमा हुनुहुन्थ्यो। उपचारका क्रममा नै आइतबार बिहान उहाँको निधन भएको हो।

मङ्गेशकरको जन्म सन् १९२९ मा भएको थियो र उहाँले आफ्नो बुवा दीनानाथको तालिममा प्रारम्भिकरूपमा आफ्नो साङ्गीतिक यात्रा सुरु गर्नुभएको थियो। लताले पाँच वर्षको उमेरबाट नै आफ्ना बुवाबाट साङ्गीतिक तालिम शुरु गर्नुभएको थियो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ट्वीट गर्दै मङ्गेशकरको निधनले "देशमा कहिल्यै पूर्ण नहुने रिक्तता छोडेको" बताउनुभएको छ।

मोदीले मङ्गेशकरका "गीतले विभिन्न खाले भावना प्रवाह गरेको र उहाँले" दशकौंसम्म भारतीय चलचित्र जगतलाई नजिकबाट नियालेको बताउनुभएको छ। लता १३ वर्षको हुँदा बुवाको मृत्यु भएको थियो। त्यसपछि चार साना भाइबहिनीको लालनपालनसमेतको भूमिका खेल्न बाध्य तुल्यायो र अन्ततः १९४५ मा उहाँको परिवार मुम्बईमा बसाई सार्नु पर्‍यो।

सन् १९६२ मा भारत-चीन युद्धमा मारिएका सैनिकलाई देशभक्तिपूर्ण श्रद्धाञ्जलि गाउन सन् १९६३ जनवरीमा भारतको गणतन्त्र दिवस समारोहमा सरकारद्वारा उहाँलाई निमन्त्रणा गरिएको थियो। उहाँले "ओ द पिपल अफ माइ कन्ट्री"को प्रस्तुतिले तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरू आँसु झार्नुभएको थियो।

उहाँले भक्ति र शास्त्रीय एल्बम रेकर्ड गर्नुका साथै एक हजारभन्दा बढी चलचित्रमा गीत गाउनुभएको छ। आधा शताब्दी लामो असाधारण साङ्गीतिक यात्राका क्रममा उहाँले ३६ भाषामा २७ हजारभन्दा बढी गीत गाउनुभएको छ।

सन् २००१ मा उहाँले भारतमा नागरिकले पाउने सबैभन्दा उच्च तहको सम्मान भारत रत्न प्राप्त गर्नुभएको थियो। सन् २००४ मा उहाँको उमेर ७५ वर्ष पुग्दा बलिउडका प्रसिद्ध निर्देशकमध्ये एक यश चोपडाले "मैले उहाँको आवाजमा भगवानको आशीर्वाद देखें भनेर लेख्नुभएको थियो।" मङ्गेशकरले विवाह भने गर्नुभएन। उहाँकी बहिनी आशा भोसले पनि चर्चित बलिउड गायिका हुनुहुन्छ। लताले नेपाली भाषामा पनि गीत गाउनुभएको छ।

### अफगानिस्तानबाट चार महिनामा १० लाखभन्दा बढी बाहिरिए

अफगानिस्तान (काबुल), २३ माघ (रासस-एएनआई)।

पछिल्लो चार महिनामा १० लाखभन्दा बढी अफगानिस्तानीले देश छाडेको स्थानीय मिडियाले न्युयोर्क टाइम्सलाई उद्धृत गर्दै उल्लेख गरेको छ। टोलो न्युजका अनुसार अधिकांश आप्रवासी सीमा क्षेत्र पार गरेर इरान र पाकिस्तान पुगेका छन्। एक निजी यातायात उद्योगका प्रमुखले दैनिक चार हजार मानिस इरान जाने गरेको बताएका छन्।

"समस्या सबैलाई स्पष्ट छन्। त्यहाँ गरिबी, बेरोजगारी र युवाको लागि शैक्षिक अवसर छैन," टोलो न्यूजका अनुसार उनले भने। "म बाहिर जान चाहन्छु किनभने म मेरो छोराछोरी-दुई केटा र दुई छोरी-राम्रो वातावरणमा आफ्नो पढाइ जारी राख्न चाहन्छु, उनले थपे।

उनले उच्च शिक्षा मन्त्रालयमा १० वर्ष काम गरेका थिए। अयुबीले अफगानिस्तानमा आफ्नो र उनको परिवारको लागि जीवन कठिन भएको बताउँदै आफू इरान जान चाहेको उल्लेख गरेका छन्। हेरात प्रान्तका धेरै यात्रु यातायात उद्योगका प्रमुखले भने अनुसार इरानको सीमा पार गर्न खोज्ने मानिस नै छन्। तीमध्ये केही पाकिस्तान पनि जाने गरेको बताए।

एक यातायात कम्पनीका प्रमुख इस्माइल जावानमर्द अमरखेलले भने, हामी यहाँ (काबुल) बाट कान्दाहार, निमरोज र हेरात प्रान्तमा हरेक दिन ३,५०० देखि ४,००० मानिसलाई लैजान्छौं।

न्युयोर्क टाइम्सले सामूहिक आप्रवासनले यस क्षेत्र र युरोपमा २०१५ को आप्रवासी संकटको पुनरावृत्तिको जस्तै चिन्ता बढाएको छ। त्यतिबेला १० लाखभन्दा बढी मानिस प्रायःसिरियालीले युरोपमा शरण खोजेका थिए।

यद्यपि तत्काल आर्थिक सङ्कटको कारण धेरैले देश छाड्ने छनौट गरिरहेका छन्। तालिबान शासनमा महिलामाथिको प्रतिबन्ध र बदलाको डरले थप सङ्कट बढाएको छ। त्यसैगरी इरानमा शरणार्थी अधिकार रक्षकले इरानमा अफगान शरणार्थीको स्थिति बारे थप चिन्ता व्यक्त गरेका छन्।

"इरानमा रहेका अफगान शरणार्थीले काममा पहुँच र शरणार्थी परिचयपत्रको अभावजस्ता विभिन्न चुनौतीको सामना गरिरहेका छन्। शरणार्थीलाई सधैं फिर्ता पठाइने जोखिममा हुन्छन्," शरणार्थी अधिकारकर्मी नकिबुल्लाह रसिखले भने।

इस्लामिक इमिरेट्सले अफगानिस्तानमा आर्थिक र मानवीय सङ्कटको सामना गर्न प्रयास भइरहेको बताएको छ।

इस्लामिक इमिरेट्सका उपप्रवक्ता बिलाल करीमीले भने, "इस्लामिक इमिरेट्सको तथ्याङ्कले दैनिकरूपमा अफगानिस्तानबाट १,५०० देखि २,००० मानिस इरान जाने गरेको देखाउँछ।"

इरान प्रवेश गर्ने धेरै आप्रवासी टर्कीको सीमा पार गर्न र त्यहाँबाट शरणका लागि युरोप जान खोजिरहेका छन्।

# ज्येष्ठ नागरिकलाई उपचार तथा स्वास्थ्य सेवामा अस्पतालले ५० प्रतिशत छुट दिने

**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ।**

६० वर्ष माथिका ज्येष्ठ नागरिकलाई उपचार तथा स्वास्थ्य सेवामा अस्पतालले ५० प्रतिशत छुट दिनुपर्ने सरकारले व्यवस्था गरेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको जेरियाट्रिक (ज्येष्ठ नागरिक) स्वास्थ्य सेवा सञ्चालन निर्देशका २०७७ ले ज्येष्ठ नागरिकलाई अस्पताल व्यवस्थापनबाट तोकिए बमोजिमका निशिचत सेवामा ५० प्रतिशत छुट दिनुपर्ने व्यवस्था गरेको हो।

आर्थिक वर्ष २०७७/७८ सम्म जेरियाट्रिक ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सात वटै प्रदेशमा गरी २४ वटा अस्पतालहरुमा सुरु भएका छन्।

प्रदेश १ को बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, कोशी अस्पताल, विराटनगर, मेची अस्पताल, भद्रपुर र उदयपुर अस्पताल, उदयपुरमा सो सेवा सुरु भएको हो।

त्यस्तै मधेश प्रदेशको नारायणी अस्पताल, वीरगञ्ज, जनकपुर अस्पताल, जनकपुर, गौर अस्पताल, रौतहट र गजेन्द्र नारायण सिंह अस्पताल, सप्तरीचस्मा सेवा उपलब्ध रहेको जनाइएको छ।

त्यसैगरि बागमती प्रदेशमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन अस्पताल, ललितपुर, आयुर्वेद शिक्षण अस्पताल, कीर्तिपुर, भरतपुर अस्पताल, भरतपुर, वीर अस्पताल, काठमाडौं, हेटौंडा अस्पताल, मकवानपुर, राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौं र शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाडौंमा रहेको छ भने गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा अस्पताल, पोखरा र धौलागिरी अस्पताल, बागलुङ उक्त सेवाहरु सुरु भएको छ।

त्यस्तै लुम्बिनी प्रदेशमा भेरी अस्पताल, नेपालगञ्ज, बाँके, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराही, दाङ र लुम्बिनी अस्पताल, बुटवल, रुपन्देही, कर्णाली प्रदेशमा प्रदेश अस्पताल, सुर्खेत, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला तथा सुदूरपश्चिम प्रदेशमा सेती अस्पताल, धनगढी र डडेल्धुरा अस्पताल, डडेल्धुरामा सेवाहरु उपलब्ध छन्।

७० वर्ष माथिका ज्येष्ठ नागरिकको स्वास्थ्य बिमा गरेको भए सोही बिमा रकमबाट स्वास्थ्य उपचार प्रदान गर्नुपर्ने र बिमा रकम अपुग भएको अवस्थामा मात्र अस्पतालको जेरियाट्रिक स्वास्थ्य सेवा कार्यक्रम वा सामाजिक सेवा एकाइ वा अन्य स्रोतबाट उपचार खर्च बेहोर्नुपर्ने निर्देशिकामा उल्लेख छ।

# प्रदेश नं १ मा मन्त्रिपरिषद् विस्तार

मोरङ, २३ माघ (रासस)।

प्रदेश नं १ का प्रदेश प्रमुख परशुराम खापुङले प्रदेश सरकारको सिफारिसमा आइतबार मौजुदा मन्त्रिपरिषद्का आठ मन्त्रीको नियुक्ति, हेरफेर र कार्य विभाजन गर्नुभएको छ।

प्रदेश प्रमुख खापुङले रामकुमार राईलाई खानेपानी, सिँचाइ तथा ऊर्जा, राजन राईलाई सामाजिक विकास मन्त्रालय, खिनु लङ्वा लिम्बूलाई पर्यटन तथा संस्कृति, भलकबहादुर मगरलाई कृषि, शेखरचन्द्र थापालाई वन, वातावरण तथा भू-संरक्षण, ओमप्रकाश सरावगीलाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, प्रताप प्रकाश हाङगामलाई उद्योग, श्रम तथा रोजगार र उपेन्द्रप्रसाद घिमिरेलाई यातायात व्यवस्था तथा सञ्चारमन्त्रीमा आइतबार पद तथा गोपनियनताको शपथ गराउनुभयो।

प्रदेश प्रमुख खापुङले मुख्यमन्त्री राजेन्द्रकुमार राईको सिफारिसमा विसं २०७८ कात्तिक १६ गते गठित मौजुदा मन्त्रिपरिषद्लाई नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम नियुक्ति, हेरफेर र कार्य विभाजन गर्नुभएको हो।

शपथ ग्रहण समारोहमा मुख्यमन्त्री राई, सभामुख प्रदीपकुमार भण्डारी, उपसभामुख सरस्वती पोखरेल, नेपाली कांग्रेस संसदीय दलका नेता राजीव कोइराला, प्रदेशसभा सदस्य, सुरक्षा निकायका प्रमुख, प्रदेश सरकारका विभिन्न मन्त्रालयका सचिव एवं कर्मचारीको उपस्थिति रहेको थियो। प्रदेश नं १ मा एक अब राज्यमन्त्रीसहित १४ सदस्यीय मन्त्रिरिषद् भएको छ।

# फेरी अर्को मौसमी प्रणाली विकसित हुने सम्भावना देखिएको छ : मौसमविद्

काठमाडौं, २३ माघ (रासस)।

विगत केही दिनयतादेखि पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले प्रभावित मौसम शनिबार रातिदेखि क्रमिक सुधार हुँदै जाने भएको छ।

शनिबार रातिबाट सो प्रणाली कमजोर हुँदै जाने सम्भावना रहेकाले आइतबारदेखि मौसममा सुधार हुने देखिएको जल तथा मौसम विज्ञान विभागका मौसमविद् प्रतिभा मान्धरले जानकारी दिनुभयो। "आइतबारदेखि दुई-तीन दिन मौसम सुधार हुने र बुधबार बिहीबारदेखि पुन :अर्को मौसमी प्रणाली विकसित हुने सम्भावना देखिएको छ", उहाँले भन्नुभयो।

राति प्रदेश नं १, मधेश प्रदेश र बागमती प्रदेशमा आंशिकदेखि सामान्य बदली रही देशका अन्य प्रदेशका पहाडी भूभागमा आंशिक बदली रहनेछ। तराईका भूभागमा मौसम सामान्यतया सफा रहने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। हाल प्रदेश नं १, मधेस प्रदेश, बागमती र गण्डकी प्रदेशमा सामान्यदेखि पूर्ण बदली भई केही स्थानमा हल्का वर्षा भइरहेको छ। आइतबार देशभर आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहने महाशाखाले औँल्याएको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणानुसार शनिबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम चार दशमलव आठ डिग्री र अधिकतम तापक्रम नौ दशमलव तीन डिग्री सेल्सियस रहेको छ। शनिबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस चार दशमलव एक डिग्री र सबैभन्दा धेरै जनकपुरको अधिकतम तापक्रम १९ दशमलव शून्य डिग्री सेल्सियस रहेको छ।

# फागुन १ देखि भौतिक रुपमा कक्षा सञ्चालन गर्न गराउन सिफारिस

**दैनिक समाचारदाता**
**काठमाडौं, २३ माघ।**

कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसी) को बैठकले फागुन १ गतेदेखि भौतिक रुपमा कक्षा सञ्चालन गर्न गराउन सिफारिस गरेको छ।

सीसीएमसीकी प्रवक्ता सुनिता नेपालका अनुसार १२ वर्ष पूरा भएका बालबालिकाले स्वास्थ्य मापदण्ड पालना गरेर नियमित कक्षामा सहभागी हुन पाउँछन् भने १२ वर्षमुनिका बालबालिका भने बारअनुसार आलोपालो कक्षामा सहभागी गराउने गरी सिफारिस गरेको हो।

साथै फागुन १ गतेदेखि स्वास्थ्य मापदण्ड पालना गरेर जिम, फिल्म हल, फुटसललगायत रात्रिकालिन व्यवसायहरू दोहोरी, डान्सबार लगायत सञ्चालनका लागि सिफारिस गरेको छ। रात्रिकालिन व्यवसायहरू राति १० बजेसम्म मात्र सञ्चालन गर्न पाइनेछ।

## मधेस प्रदेश ...

तथा गोपनियताको शपथ गराउनुभयो।

यसअघि गत मङ्सिर ५ गते एकीकृत समाजवादीबाटै उद्योग, वन, पर्यटन तथा वातावरणमन्त्रीमा शत्रुधन महतो र प्रदेश मामिला तथा कानुनमन्त्रीमा प्रमोद यादव सरकारमा सहभागी भइसक्नुभएको छ। योसँगै अब मधेस सरकारको मन्त्री मण्डल १४ सदस्यीय भएको छ। मधेस सरकारमा मुख्यमन्त्रीसहित १० मन्त्री र चार राज्यमन्त्री भएका छन्।

## मधेस प्रदेश सरकार ...

स्थानीय तहहरूबाट विवरण आउन ढिलाइ भएको र विवरण सङ्कलन भएसँगै राहत वितरण सुरु गरिने उहाँले जानकारी दिनुभयो। वर्षाका कारण भएको क्षतिको विवरणका आधारमा किसानलाई राहतस्वरुप खातामै रकम पठाइने उहाँको भनाइ छ। पीडित किसानलाई राहत दिने प्रदेश सरकारले घोषणा गरेको थियो।




अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

➢ जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ।
➢ सावधानीपूर्वक सवारी साधन चलाऔं ।
➢ हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
➢ सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
➢ सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्भनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np